# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः ०१ मार्च २०२५

समयः १८:५० - १६:०० बजे

## मुख्य समाचार

- प्रधानमन्त्री नरेन्द्र मोदीले यस वर्षको केन्द्रीय बजेटले कृषि क्षेत्रलाई अझ समृद्ध बनाउने लक्ष्य राखेको बताउनु भएको छ।

- केन्द्रीय अन्वेषण ब्युरो (सीबीआइ) ले कोलकाताको विशेष अदालतमा आर. जी. कर कलेज दुष्कर्म पछि हत्याको मामिलामा छिट्टै पूरक चार्जशीट दर्ता गर्ने छ|

- खरसाङ नगरपालिकामा हाउजिङ फर अल योजनामा धाँधली हुनसक्ने आशंकासहित लाभार्थीहरुले खरसाङ नगरपालिका भवन अघि नै धारणा प्रदर्शन गरेका थिए।

- दार्जिलिंग डुवर्स चिया श्रमिक सुरक्षा समितिका सदस्यहरुले आज १ बजी देखि चौरस्तामा पूर्वनिर्धारित २४ घन्टे धर्ना शुरु गरेका छन्|

- मिरिकको मरमा चियाबारीमा प्रबन्धक पक्षले 'नो वक नो पे' को नोटिस टाँसेपछि आज श्रमिकहरूले बगानमा काम गरेनन्|

## प्रधानमन्त्रीको एनएक्सटी सम्मेलन

प्रधानमन्त्री नरेन्द्र मोदीले विश्वले २१ औं शताब्दीको भारतलाई ठूलो चासोका साथ हेरिरहेको बताउनु भएको छ। आज नयाँ दिल्लीको भारत मण्डपममा आयोजित एनएक्सटी कन्क्लेभलाई सम्बोधन गर्दै प्रधानमन्त्रीले भन्नु भयो विश्वभरका मानिसहरू देशलाई जान्न भारत आउन चाहन्छन्। उहाँले भन्नु भयो भारत एउटा यस्तो देश हो जहाँ निरन्तर सकारात्मक समाचारहरू सिर्जना भइरहेका छन् र यहाँ हरेक दिन नयाँ घटनाहरू भइरहेका छन्। श्री मोदीले प्रयागराजमा एकताको संगम - महाकुम्भ हालै सम्पन्न भएको बताउनुभयो। उहाँले भन्नु भयो नदी किनारमा रहेको अस्थायी शहरमा लाखौं मानिसहरूले पवित्र स्नान गरेको देखेर महाकुम्भले सारा संसारलाई चकित पारेको छ। प्रधानमन्त्रीले देशलाई भोकल फर लोकल अर्थात् स्थानीय उत्पादनको प्रवर्द्धन गर्ने तथा लोकल फर ग्लोबल अर्थात् स्थानीय रूपमा विश्वव्यापी उत्पादन गर्ने परिकल्पना गरेको अनि यो अब वास्तविकतामा परिणत हुँदै गएको बताउनु भयो। उहाँले भन्नु भयो आज भारत विश्वको नयाँ कारखाना बन्दैछ र आज यो केवल कार्यबल मात्र नभई विश्व शक्ति बन्दैछ। श्री मोदीले पहिले आयात गरिएका सामानहरू अहिले देशमै उत्पादन भइरहेको र भारत यी उत्पादनहरूको निर्यातको लागि एक महत्वपूर्ण केन्द्रको रूपमा उदाइरहेको बताउनु भयो। प्रधानमन्त्रीले अब किसानहरूले आफ्ना उत्पादनहरू विश्व बजारमा बेचिरहेको बताउनु भयो। प्रधानमन्त्रीले निर्धारित लक्ष्यहरू प्राप्त गर्न न्यूनतम सरकार, अधिकतम शासनको मन्त्रलाई श्रेय दिनु भयो। प्रधानमन्त्री मोदीले सरकारले पछिल्लो दस वर्षमा लगभग १,५०० पुराना कानुनहरू हटाएको बताउनुभयो, जसमा धेरैजसो ब्रिटिश शासनकालका थिए। उहाँले 'ड्रामाटिक परफर्मेन्स एक्ट' हटाइएको उदाहरण दिनुभयो, जसअन्तर्गत सार्वजनिक रूपमा नाच्ने व्यक्तिलाई पक्राउ गर्न सकिन्थ्यो। यो कानुन स्वतन्त्रतापछि ७० वर्षसम्म लागू थियो। उहाँले १० वर्षअघि आयकर विवरण (ITR) बुझाउन गाह्रो हुने तर अहिले केही मिनेटमै गर्न सकिने अनि फिर्ता रकम छिट्टै खातामा आउने बताउनुभयो। आयकर कानुनहरू अझै सरल बनाउने प्रक्रिया संसदमा जारी रहेको अनि १२ लाख रुपियाँ सम्मको आय करमुक्त गरिएको जानकारी दिनुभयो। यसले विशेष गरी तलब पाउने वर्गलाई फाइदा पुगेको छ। उहाँले देशका नागरिकलाई सहज जीवन, व्यवसाय गर्न सजिलो वातावरण र

खुला अवसर प्रदान गर्नु सरकारको लक्ष्य भएको बताउनुभयो।राष्ट्रिय शिक्षा नीति २०२० को बारेमा प्रधानमन्त्रीले भन्नु भयो भारतका युवाहरू सरकारको सर्वोच्च प्राथमिकता हुन् र शिक्षा नीतिले विद्यार्थीहरूलाई किताब देखि बाहिर सोच्ने अवसर दिएको छ।

****** ० ******

**आर. जी. कर**

केन्द्रीय अन्वेषण ब्युरो (सीबीआइ) ले कोलकाताको विशेष अदालतमा आर. जी. कर मेडिकल कलेज तथा अस्पतालमा एकजना महिला डाक्टर सित भएको दुष्कर्म पछि हत्याको मामिलामा छिट्टै पूरक चार्जशीट दर्ता गर्न लागेको छ। यसमा अपराधसँग सम्बन्धित प्रमाणहरू र घटनाका पछाडि लुकेको षड्यन्त्र समेटिनेछ। अधिकारीहरूका अनुसार प्रमाणहरूसँग छेडछाड भएको शंका भएकाले त्यसबारे विशेष रूपमा ध्यान दिइनेछ। चार्जशीट १७ मार्चमा हुने सर्वोच्च अदालतको सुनुवाइअघि पेस गर्ने योजना छ। चार्जशीटमा चार मुख्य बुँदाहरू समावेश गरिनेछन्। पहिलो, फरेन्सिक रिपोर्ट, जसअनुसार पीडिताको शव फेला परेको सेमिनार हल वास्तविक अपराध स्थल थियो कि होइन भन्ने प्रश्न उठेको छ। दोस्रो, सीसीटीभी फुटेज, जसमा छेडछाड भएको संकेत भेटिएको छ। तेस्रो, मोबाइल डेटा विश्लेषण, जसमा विवादास्पद पूर्व प्राचार्य संदीप घोष अनि पूर्व पुलिस अधिकारी अभिजीत मण्डलका कल रेकर्डहरू समावेश छन्।
चौथो, पीडिताका निजी वस्तुहरू, जुन संदेहजनक रूपमा सेमिनार हलमा फेला परेका छन्। पीडिताका परिवारजनले हालै सीबीआई निदेशक प्रवीण सूदसँग भेट गरी न्यायको माग गरेका थिए। अब सबैको ध्यान १७ मार्चको सुनुवाइमा छ, जहाँ नयाँ तथ्यहरू सार्वजनिक हुने अपेक्षा गरिएको छ।

****** ० ******

**खरसाङ धर्ना**

खरसाङ नगरपालिकामा हाउजिङ फर अल योजनामा धाँधली हुनसक्ने आशंकासहित ज्ञानका सदस्य रामकृष्ण शर्माको अगुवाईमा लाभार्थीहरु आज खरसाङ नगरपालिका कार्यालयमा आफुले जमा गरेको रकम लिन पुगेका थिए। तर आज खरसाङ नगरपालिका बन्द रहेको देखेपछि लाभार्थीहरुले खरसाङ नगरपालिका भवन अघि नै धारणा प्रदर्शन गरेका थिए। हाउजिङ फर अल योजनाको लाभार्थीहरुले गरिरहेको धरणा प्रदर्शनको समयमा नै दार्जिलिङका सांसद राजु विष्ट पनि उपस्थित भएर लाभार्थीहरुको समस्या सुनेका थिए।उहाँले यसावधि लाभार्थीहरुलाई आफ्नो तर्फबाट सहयोगको आश्वासन पनि दिएका छन्। सांसद राजु विष्टले खरसाङ नगरपालिकाको हाउजिङ फर अल योजनाको लाभार्थीहरुसित भेटघाट गर्नुको साथै कतिजनाको घरमा गएर निरीक्षण पनि गरेका थिए।

****** ० ******

**चियाबारीको ३० प्रतिशत**

चियाबारीको ३० प्रतिशत जमीनमा उद्योग स्थापित गरिने विषय राज्य सरकारको घोषणाको कालेबुङ कृषक कल्याण संगठनले विरोध जनाएको छ। यसले चिया उद्योग र श्रमिकहरूको भविष्यमाथि नकारात्मक असर पर्ने अध्यक्ष विष्णु छेत्रीले बताएका छन्।

****** ० ******

**चिया श्रमिक सुरक्षा समितिद्वारा २४ घण्टे धर्ना शुरु**

दार्जिलिङ डुवर्स चिया श्रमिक सुरक्षा समितिका सदस्यहरूले आज दिउँसो लगभग 1 बजीबाट चौरास्तामा आफ्नो पूर्वनिर्धारित 24 घण्टे धर्ना औपचारिक रूपमा शुरु गरेका छन्। धर्नाको प्रारम्भमा उनीहरूले दियो बालेर भारतको राष्ट्रिय गान गाए। यो विरोध प्रदर्शन चिया बगान क्षेत्रको 30% भूभागलाई व्यापारिक प्रयोजनका लागि छुट्याउनुपर्ने नोटिफिकेशनलाई विरोध गर्ने उद्देश्यले आयोजित गरिएको हो। दार्जिलिङ डुवर्स चिया श्रमिक सुरक्षा समितिकी अध्यक्ष बन्दना राईले चिया श्रमिकहरूको

अधिकार र भविष्य सुनिश्चित गर्न हाम्रो संघर्ष जारी रहनेछ। बगानको भूभागको उचित व्यवस्थापन र श्रमिकहरूको हकहितको रक्षा हाम्रो मुख्य माग हो। भनी बताएकी छन्। समितिका सदस्यहरूले माग पूरा नभएसम्म आफ्नो आन्दोलनलाई निरन्तरता दिने पनि चेतावनी दिएका छन्। आजको यस धर्ना प्रदर्शनमा दार्जिलिङ पहाडका मात्र नभएर डुवर्सबाट पनि जोइन्ट एक्सन कमिटीका सदस्यहरूको सहभागिता रहेको थियो। यस 24 घण्टे धर्ना हालमा पनि जारी रहेको छ।

****** ० ******

-

**अनित थापा**

आज जि टि ए प्रमुख कार्यपाल अनित थापाले दलगाउँ माध्यमिक शिक्षा केन्द्रको नव निर्मित पाठशाला भवनको उद्घाटन गर्नु भयो। यस कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले भन्नु भयो आन्दोलन गरेर हाम्रो नानीहरूको भाग्य बिगार्नु हुँदैन। श्री थापाले २०१७ देखि बिगार्नु अनि भत्काउनु काम मात्र भएको तर अब निर्माणतर्फ लाग्नु पर्ने बताउनु भयो| श्री थापाले भन्नु भयो हामि डेस्ट्रक्टिभ नभएर कन्सर्ट्रक्टिभ बन्नु पर्छ।

****** ० ******

**वन संरक्षण र वनवासी**

वन संरक्षण र वनवासीहरूको अधिकारका लागि आज अलिपुरद्वार नगरपालिकाको सभागृहमा उत्तरबंगाल वन जन श्रमजीवी मञ्चको नागरिक कन्भेन्शन सम्पन्न भयो। वन अधिकार मान्यता ऐन २००६ अर्थात एफआरए २००६ अनुसार भारतको संविधानले आदिवासीलाई र वन बस्तीमा बसोबास गर्ने मानिसहरूलाई दिएको अधिकारको विरुद्ध वन विभागले काम गरिरहेको आरोप उत्तरबंगाल वन जन श्रमजीवी मञ्चको रहेको छ। यसको साथै पुस्तौदेखि वन बस्तीमा रहेका गाउँलेहरूलाई रिलोकेशनको नाममा जबरजस्ती उच्छेद गर्ने षड्यन्त्र वन विभागले गरिरहेको अनि एफआरए २००६ अन्तर्गत ग्राम सभाको सट्टा जेएफएमसी गठन गरेर वनवासीहरूको मौलिक अधिकारलाई कुन्ठित पार्ने काम वन विभागले गरेको आरोप छ। यसको विरुद्ध वन वस्ती बासिन्दाको अधिकारका लागि सबै संगठनहरूले ऐक्यवद्धता देखाउने उत्तरबंगाल वन जन श्रमजीवी मञ्चका कन्भेनर लालसिंह भुजेलले आह्वान गरेका छन्।

****** ० ******

**मिरिक**

मिरिकको मरमा चियाबारीमा प्रबन्धक पक्षले 'नो वक नो पे' को नोटिस टाँसेपछि आजदेखि श्रमिकहरूले बगानमा काम गरेनन्। नोटिसमा मानिसहरू प्रबन्धक पक्षले पहिलो पत्ती टिपाई नभएको खण्डमा कम्पनी आर्थिक रूपमा घाटामा पर्ने कुरो उल्लेख गरेको छ। स्मरण रहोस्, गत वर्षको चार प्रतिशत बोनस लगायत अन्य विविध माग लिएर हाल पहाडका अधिकांश चियाबारीहरूमा श्रमिकहरूको पहिलो पत्ती टिपाई शुरू गरेका छैनन्। यसै क्रममा मरमा चियाबारीका श्रमिकहरूले पहिलो पत्ती टिपाई गरेका थिएन। यस कुरालाई ध्यानमा राख्दै मालिक पक्षले चियाबारीको कार्यलयमा 'नो वर्क नो पे' को नोटिस टाँसेपछि श्रमिकहरूले पनि बगानमा काम नगरेको जानकारी प्राप्त भएको छ।

****** ० ******

**ओरियेन्टेसन कार्यक्रम**

गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनको प्राथमिक शिक्षा बिभागले आज मिरिक क्षेत्रका प्राथमिक पाठशालाहरुका शिक्षक-शिक्षिकाहरुलाई लिएर ओरियेन्टेसन कार्यक्रमको आयोजना गर्यो। मिरिक रंगशाला भवनको गोपाल योन्जन कक्षमा सम्पन्न कार्यक्रममा दार्जिलिङ जिल्ला स्कुल बोर्डका चेयरमेन तिलक चन्द्र रोका मुख्यरुपमा उपस्थित हुनुहुन्थ्यो । शिक्षक-शिक्षिकाहरुलाई प्राथमिक शिक्षाको बिकास , सुबिधा , बाल मनोबिज्ञान, जिम्मेवारी अनि कर्तब्यहरुबारे अपडेट राख्नको निम्ति खर्साङ नगरपालिका क्षेत्रका एआई रोशनी सार्कीले जानकारी प्रदान गर्नु भयो। प्राथमिक शिक्षा बिभागका भारप्राप्त सभासद राजेश चौहानले यो कार्यक्रमले जिटिए क्षेत्रका १३ वटा सर्कलका शिक्षक- शिक्षिकाहरुलाई प्रशासनिक एवं शैक्षिक रुपमा अपडेट गर्न मङ्पु सर्कलबाट बिगत 22 फरवरीबाट शुरु भएको यो कार्यक्रमको समापन आगामी ५ अप्रेलको दिन पुल बिजनबारी समष्टि अन्तर्गत रिम्बिक लोधोमा सर्कलमा समाप्त हुने बताउनु भएको छ।

****** ० ******

**डुवर्सको जलपाइगढी**

डुवर्सको जलपाइगढी जिल्लाअन्तर्गत नगरकट्टा ब्लकस्थित धरनीपुर चियाकमान बन्द हुने अवस्थामा पुगेको छ। धरनीपुर चियाकमान लगभग 10 वर्षपछि खोलिएको थियो भने अहिले फेरि उक्त चियाकमान बन्द हुने अवस्थामा छ। आज श्रमिकहरूले चियाकमानको कार्यालयमा एउटा सभा गरेर प्रशासनलाई यसबारे लिखित रूपमा अवगत गराउने निर्णय लिए। उल्लेखनीय छ, दीर्घ दिनदेखि फाइनान्सरद्वारा सञ्चालित उक्त चियाकमानको मालिकाना हक सन् 2020 मा एउटा निजी कम्पनीलाई दिइएको थियो। कमान खोल्नअघि सिलगढीस्थित श्रमिक भवनमा त्रिपक्षीय चुक्ति गरिएको थियो, जसमा 2023 सालभित्रमा श्रमिकहरूको बकाया राशि, पीएफ, ग्रेजुटी सबै प्रदान गरिने उल्लेख गरिएको थियो । तर यतिका दिन बितिसक्दा पनि चुक्ति पत्रमा उल्लेखित कुनै कुरा पुरा नभएको श्रमिकहरूको भनाइ छ। अहिले आएर कमानमा चारवटा तलब अनि स्टाफ सब स्टाफको दुईटा वेतन नपाएपछि श्रमिकहरू हतास बनेका छन्। हाल कमानमा प्रबन्धन पक्षका कोही पनि प्रतिनिधिहरू नरहेकोले कुनै पनि समय कमान बन्द हुन सक्ने श्रमिकहरूले आशंका व्यक्त गरेका छन्। आज यसै विषयलाई लिएर चियाश्रमिकहरूले एउटा आपतकालीन बैठक डाकेका थिए। सरकारले चाँडो यस मामिलामा हस्तक्षेप गर्नु पर्ने श्रमिकहरूले माग गरेका छन्।

****** ० ******